# ऐसेलुखर्क गाँउपालिका

# स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ऐसेलुखर्क गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधितथा मापदण्ड स्थानीय राजपत्रमाप्रकाशनगर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्रप्रकाशनगर्ने मितिनिर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्नभागहरुको व्यवस्थागर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रप्रकाशनगर्ने अधिकारीको सम्बन्धमाव्यवस्थागर्न, स्थानीय राजपत्रको अभिलेख तथामूल्यनिर्धारण र बिक्रीवितरणको प्रबन्धगर्न ऐसेलुखर्कगाउँपालिकागाउँकार्यपालिकाको मिति २०७५असार २२ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**भाग- १**

**प्रारम्भिक**

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५ रहेको छ ।

२. **कार्यविधिलागू हुनेः**यो कार्यविधितुरुन्तलागू हुनेछ ।

**भाग- २**

**स्थानीय राजपत्रको भाग र ढाँचा**

३. **स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमाप्रकाशनगर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमकाभागहरुमावर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ माउल्लेख भएबमोजिमहुनेछ ।

ऐसेलुखर्क गाँउपालिका

५. **खण्डको व्यवस्था:**स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्रप्रकाशनभएको वर्ष ( उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २), कायम गरी त्यसपछि क्रमश:जतिवर्ष भयो त्यति नै संख्याउल्लेख गरी प्रकाशनगरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्या:** (१) स्थानीय राजपत्रको संख्याकायमगर्दा क्रमशः संख्याकायमगरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्याकायमगर्दा नेपालीबर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशनभएकाविषयमाक्रमशः संख्या राखीअर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **स्थानीय राजपत्रमाप्रकाशनगर्ने सामग्री:** स्थानीय राजपत्रप्रकाशनगर्दा बिषयवस्तुसँग सम्बन्धितभागको उल्लेख गरी (जस्तै ऐन भएभाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री ( ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखीप्रकाशनगरिनेछ ।

८. **स्थानीय राजपत्रप्रकाशनगर्ने अधिकारी:** स्थानीय राजपत्रऐसेलुखर्कगाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृतको आदेशानुसार प्रकाशनहुनेछ । यसरी प्रकाशनगर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुखप्रशासकीयअधिकृतको नाम र गाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृत भन्ने वाक्यांश राखीवाप्रमुखप्रशासकीयअधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भएत्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशनगरिनेछ ।

ऐसेलुखर्क गाउँपालिका

## भाग- ३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथावितरण

९. **स्थानीय राजपत्रप्रकाशनको जिम्मेवारी:**(१) कार्यपालिकाले कुनै शाखावाएकाइलाई स्थानीय राजपत्रप्रकाशन सम्वन्धीकामकालागिकार्य विवरण सहितजिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१)बमोजिमतोकिएको शाखावा एकाइबाट मात्र स्थानीय राजपत्रप्रकाशनगरिनेछ ।

१०. **प्रकाशनपूर्व सम्पादनगर्नुपर्ने:** (१) प्रकाशनहुने सामग्रीगाउँकार्यपालिकाको कानून सम्वन्धीविषय हेर्ने शाखावा एकाइबाट सम्पादनगरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादितप्रति प्रमाणीकरण गरी राजपत्रप्रकाशनगर्ने शाखा/एकाइमा पठाईनेछ ।अर्को व्यवस्थानहुन्जेलसम्म यस सम्बन्धी सम्पूर्ण कार्यहरु प्रशासनतथा योजना शाखाबाट सम्पादनहुनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनकालागि छुट्टै पुस्तिका खडा गरी सोहीपुस्तिकामाप्रकाशनभएका सामग्रीको सिलसिलेवार संख्याखुलाई अद्यावधिक रुपमाअभिलेख राखिनेछ ।

(३) प्रमुखप्रशासकीयअधिकृत वानिजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **नि:शुल्क रुपमाउपलब्ध गराउनु पर्ने** : गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशितप्रति देहायकानिकायमानि:शुल्क रुपमाउपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीयमामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचनातथाअभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीयविभाग/महाशाखा/शाखा, र

(ङ) गाउँपालिकाकाप्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिकगर्नुपर्नेः**गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिकगरिनेछ ।

१४. **विक्रीवितरणको व्यवस्थातथाबिक्रीमूल्यः**(१) प्रकाशित स्थानीय राजपत्रगाउँपालिका वडाहरु र स्थानीयतहको सूचनातथाअभिलेख केन्द्र तथातोकिएको शाखावाएकाइमार्फत विक्रीवितरणको व्यवस्थामिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहायबमोजिमको बिक्रीमूल्यनिर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्यबनाई बिक्रीगर्दाः** वडा कार्यालय वाऐसेलुखर्क गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यताशुल्कलिई बिक्री गरेमाबार्षिक रु. १५००/– (पन्ध्र सयमात्र)

**(ख) खुद्राबिक्रीगर्दा :**स्थानीय राजपत्रको सदस्यनभएको कुनै व्यक्तिवा संघ संस्थाले स्थानीय राजपत्रलिनचाहेमा देहायबमोजिमको फुटकर बिक्रीमूल्यतोकिएको छ ।

- १ देखि १० पेज सम्म एक प्रतिको रु.५०मात्र
- ११ देखि २० पेज सम्म एक प्रतिको रु.१००मात्र
- २१ देखि ४० पेज सम्म एक प्रतिको रु.२००मात्र
- ४१देखिथपजतिसुकै पेजसम्म एक प्रतिको रु ३०० मात्र

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चितकोषमाजम्मागर्ने :** स्थानीय राजपत्रबिक्रीबापतप्राप्त राजश्वगाउँपालिका/नगरपालिकाको सञ्चितकोषमाजम्मागरिनेछ ।

१६. **कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयनगर्ने क्रममाकुनै द्विविधाउत्पन्नभएमागाउँकार्यपालिकाले गरेको व्याख्याअन्तिमहुनेछ ।

१७. **बचाऊः** यो कार्यविधिलागू हुनुभन्दाअगावै गाउँपालिकाले पारित गरी लागू गरेकाकानुन, ऐन, नियम, निर्देशिका, कार्यविधिवा मापदण्ड यसै कार्यविधिबमोजिमप्रकाशनभएको मानिनेछ ।

## अनुसूची-१

(दफा३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमाप्रकाशनगर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाकानियमहरु प्रकाशनगरिनेछ ।

**भाग-२**

यस भागमागाउँकार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथानेपाल सरकार, प्रदेश सरकार तथाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा प्रकाशनगरिनेछ ।

एसेलुर्ख गाउँपालिका

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१को भाग-१ सँग सम्बन्धित)

ऐसेलुखर्क गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-१**

**ऐसेलुखर्क गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुखप्रशासकीयअधिकृत

ऐसेलुखर्क गाउँपालिका

## अनुसूची ३

(दफा ४ तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

ऐसेलुखर्कगाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-२**

**ऐसेलुखर्क गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुखप्रशासकीयअधिकृत

ऐसेलुखर्क गाउँपालिका